नेपाल सरकार

अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय

## Financial Comptroller General Office

नेपाल सरकार अर्थ मन्त्रालय महालेखा नियन्त्रक कार्यालय अनामनगर, काठमाडौं

**पत्र संख्या**: प्रविअस/२०७७/७८ मितिः २०७७/०६/१५

**चलानी नं.**: ०५

विषयः <u>स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) सञ्चालन सम्बन्धमा।</u>

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

प्रस्तुत विषयमा स्थानीय तहको बजेटिङ्, लेखाङ्कन तथा प्रतिवेदन सम्बन्धी कार्यको लागि तयार गरिएको "स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA)" नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६/०१/१७ को निर्णय अनुसार स्वीकृत भई प्रत्येक स्थानीय तहले SuTRA प्रणाली मार्फत नै बजेट तर्जुमा, लेखाङ्कन र प्रतिवेदन गर्नुपर्ने व्यवस्था गरिएको छ। उक्त सन्दर्भमा चालु आ.ब.२०७७/७८ मा हालसम्म (मिति २०७७/०६/१४ सम्म) SuTRA प्रणालीको प्रयोग गरी यसैसाथ संलग्न विवरण बमोजिम ५५० वटा स्थानीय तहहरुले मात्र बजेट स्वीकृत गरेको अवस्था छ भने बाँकी २०३ वटा स्थानीय तहहरुले सुत्र प्रणालीमा बजेट स्वीकृत गरेको पाईएको छैन। यसैगरी संलग्न विवरण बमोजिम ७५३ वटा स्थानीय तहहरु मध्ये जम्मा १९ वटा स्थानीय तहहरुले मात्र गत आ.ब.२०७६/७७ को बार्षिक हिसाव भीडान तथा प्रतिवेदनका लागि सम्पूर्ण विवरण सुत्र प्रणालीमार्फत प्रविष्टी गरेको अवस्था छ। प्रस्तुत सन्दर्भमा स्थानीय तहहरुलाई तपसिल बमोजिमको निर्देशन हुनका लागि तहाँ मन्त्रालयलाई अनुरोध गर्ने यस कार्यालयको मिति २०७७/०६/१५ मा निर्णय भएको व्यहोरा अनुरोध छ।

१. चालु आ.ब.२०७७/७८ मा SuTRA प्रणालीमा मिति २०७७/०६/१४ सम्म बजेट स्वीकृत नगर्ने संलग्न सूचि बमोजिमका २०३ स्थानीय तहहरुले यथाशीघ्र अनिवार्य रुपमा SuTRA प्रणालीमा बजेट (आय-व्यय को विवरण) प्रविष्टी तथा स्वीकृत गर्ने।

२. चालु आ.ब.२०७७/७८ मा प्रत्येक स्थानीय तहले अनिवार्य रुपमा SuTRA प्रणालीबाटै सम्पूर्ण कारोबार (बजेटिङ्ग, लेखाङ्कन तथा प्रतिवेदन) गर्ने।

३. महालेखा नियन्त्रक कार्यालय प्रणाली विकास, अभिलेखन तथा समन्वय शाखाको प.सं. प्रविअस/२०७७/७८, च.नं.१, मिति २०७७/०४/०६ को पत्र बमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालयहरुसँग समन्वय गरी स्थानीय तहको आ.ब.२०७६/७७ को बार्षिक हिसाव भीडान तथा प्रतिवेदन सम्बन्धी कार्य २०७७ आश्विन मसान्तभित्र सम्पन्न गराउने।

४. माथि बुँदा नं.१,२ र ३ मा उल्लेखित कार्य सम्पन्न नगरेमा संघीय सरकारबाट स्थानीय तहहरुलाई हस्तान्तरण हुने अनुदानको रकम रोक्का राख्न सकिने।

<u>बोधार्थः</u>

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सबैः आवश्यक समन्वय हुन।

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, सबैः आवश्यक समन्वय हुन।

२०७७।६।१५

(भेष प्रसाद भुर्तेल)

उप-महालेखा नियन्त्रक